नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००
हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट न्यू सुपर नमूना रोडा उद्योग प्रा.लि. (स्था.ले.नं. ६००४५४९४६), कश्यप नमूना रोडा उद्योग प्रा.लि.(स्था.ले.नं.६००४५४१७१) र न्यू सृष्टि नमूना रोडा उद्योग प्रा.लि. (स्था.ले.नं. ६००४५४१७१) उपर कर बीजक (VAT BILL) जारी नगरी सवारी साधनहरुबाट नदीजन्य पदार्थको विक्री वितरण गरी राजस्व चुहावट गरेको कसूरका सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट अनुसन्धान सम्पन्न गरी तीन जना प्रतिवादीहरुउपर अभियोगपत्र दायर गरिएको छ।

नक्कली बीजक जारी गरी तथा कतिपय कर बीजक (VAT BILL) नै जारी नगरी सवारी साधनहरुबाट नदीजन्य पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रही राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को दफा ३ द्वारा निषेधित कार्य गरी ऐ. ऐनको दफा ४ बमोजिमको कसूर गरेको पाइएकोले जिल्ला रुपन्देही, तिलोत्तमा न.पा., वडा नं. ६. हरपुर स्थायी वतन भएका न्यू सुपर नमूना रोडा उद्योग प्रा.लि. (स्था.ले.नं. ६००४५४९४६) का सञ्चालक नेत्र खरेल, जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. १२, जनकपथ स्थायी वतन भएका कश्यप नमूना रोडा उद्योग प्रा.लि. (स्था.ले.नं.६००४५४१७१) का सञ्चालक राम थापा र जिल्ला रुपन्देही, तिलोत्तमा न.पा. वडा नं. ४, दश नम्बर टोल स्थायी वतन भएका न्यू सृष्टि नमूना रोडा उद्योग प्रा.लि.(स्था.ले.नं.६००४५४१७१) का सञ्चालक गोविन्द प्रसाद भुसालउपर जनही मू.अ.करतर्फ १७,७४,२१२/- (अक्षरेपी सत्र लाख चौहत्तर हजार दुई सय बाह्र रुपैयाँ मात्र) र आयकर तर्फ रु. २७,७४,८३८/- (सत्ताइस लाख चौहत्तर हजार आठ सय अड्तीस रुपैयाँ मात्र) गरी कूल ४५,४९,०५०/- (अक्षरेपी पैचालिस लाख उनान्पचास हजार पचास रुपैयाँ मात्र) ले हुन आउने कूल विगो रु. १,३६,४७,१५०/- (अक्षरेपी एक करोड छत्तीस लाख सत्चालिस हजार एकसय पचास रुपैयाँ मात्र) र ऐ. ऐनको दफा २३(१) बमोजिम बिगोको शतप्रतिशत जरिवाना तथा दफा २३ को उपदफा (१)(ख) बमोजिम कैद सजायको मागदावी सहित उच्च अदालत पाटनमा मिति २०८१/१०/३० गते अभियोगपत्र दायर गरिएको छ।

२०८१/११/०१
प्रवक्ता
उपमहानिर्देशक
कृष्ण कुमारी श्रेष्ठ